प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-१०

चलानी नं. : ११०

CDS and Clearing Ltd

## प्रेस विज्ञप्ति

मिति २०७१/०५/१९ गते नेपाल स्टक एक्सचेन्ज लि. बाट जारी गरिएको प्रेस विज्ञप्ति अनुसार "मिति २०७१/०७/०२ गते बाट अनिवार्य रुपमा Demat भएका धितोपत्रहरु मात्र कारोबार हुने व्यवस्था धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावलीमा स्पष्ट रुपमा भएको हुँदा उक्त मिति भित्र कारोबार गर्न योग्य हुने गरी सिडिएससिमा दर्ता हुन बाँकी सूचीकृत कम्पनीहरुलाई २१ दिन भित्र अनिवार्य रुपमा Demat गर्न नेपाल स्टक एक्सचेन्ज लि. ले निर्देशन जारी गरेको छ । उल्लेखित मिति भित्र सिडिएससिमा दर्ता हुन नआउने कम्पनीहरुलाई नेप्सेले नियमानुसार कारवाही गर्नेछ ।" भनी निर्देशन जारी गरिएको र तोकिएको मिति भित्र लगानीकर्ताहरुले Demat खाता खोली कारोबार गर्न/गराउन सम्पूर्ण लगानीकर्ताहरुलाई सूचित गरिएकोमा प्रथम चरणका लागि सिडिएससिमा दर्ता भएका नेप्सेमा सूचीकृत "क" वर्गका वाणिज्य बैंकहरुको मिति २०७१/०६/२० गते देखि अनिवार्य रुपमा Demat प्रणालीमा कारोबार गर्न सुरुवात गर्न लागिएको हुँदा मिति २०७१/०६/२० गते देखि मिति २०७१/०७/०१ गते सम्म निम्न अवस्थामा रहेका धितोपत्रहरु निम्न अनुसारले कारोबार गर्न सकिनेछ :

१) भौतिक रुपमा रहेका धितोपत्रहरु बिक्री गर्न चाहेमा बिक्रीकर्ताले भौतिक रुपमा बिक्री गर्न सकिने,

२) खाली हस्तान्तरण (Blank Transfer-BT) मा रहेको अवस्थाको भौतिक धितोपत्रको Blank Transfer कै रुपमा सजिलै बिक्री भौतिक रुपमा नै गर्न सकिने,

३) भौतिक धितोपत्रहरु नामसारी (Ownership Transfer-OT) प्रक्रियामा पठाएको र खरिदकर्ताले जुनसुकै अवस्थामा रहेको धितोपत्र खरिद गरेको खण्डमा सो धितोपत्रहरु खरिदकर्ताले Demat अवस्थामा मात्र प्राप्त गर्न सकिने,

४) अभौतिक रुपमा रहेका धितोपत्रहरुको कारोबार र राफसाफ तथा फछ्र्यौट अभौतिक रुपमा नै गर्न सकिने ।

तसर्थ वर्तमान खरिद बिक्री प्रकृया भन्दा सिडिएससि पूर्ण रुपमा कार्यान्वयनमा आईसके पश्चात् प्रमाणपत्र हराउने, च्यातिने जस्ता समस्याहरु समाधान भई राफसाफ भएकै मितिमा नामसारी हुने र सुरक्षित कारोबार भई धितोपत्र बजार थप व्यवस्थित हुने हुँदा सिडिएससि मार्फत् कारोबार गर्न सम्पूर्ण लगानीकर्ता तथा सरोकारवालालाई आह्वान गर्दछौं ।

मिति : २०७१/०५/२२

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com